Regd. No.: 14473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

च.नं :- २०८२।८३।२२८

मिति : २०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषयः २२ औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा अपि पावर कम्पनी लिमिटेडको मिति २०८२/०९/०७ गते सोमवार, अपरान्ह ४:०० बजे बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको आ.व. २०८१/०८२ को २२ औं वार्षिक साधारण सभा मिति २०८२ साल पौष २९ गते मंगलबार (13th Jan, 2026) विहान ११:०० बजेबाट देहाय विषयहरुमा छलफल गरी निर्णय गर्न संचालन हुनेहुँदा वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०८२ साल पौष १८ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने जानकारीको लागि अनुरोध छ ।

**२२औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०८२ साल पौष २९ गते मंगलबार (Tuesday, 13th January 2026)
स्थान : कार्की ब्याङ्क्वेट, बबरमहल, काठमाडौं ।
समय : बिहान ११:०० बजे देखि ।

**२२औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक बर्ष २०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।
३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०८२/०८३ का लागि लेखापरिक्षकको नियूक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४) शेयर दाखिला खारेज बन्द भएको मितिको अघिल्लो दिनसम्म कायम शेयरधनीहरुलाई आ.व. २०८१/०८२ सम्मको संचित मुनाफाबाट ०.२६३२ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने सम्बन्धमा ।

4th Floor, Trade Tower Nepal, Thapathali-11, Kathmandu, Nepal
Phone: +977-01-5111093, E-mail: info@apipower.com.np, URL: www.apipower.com.np

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक बर्ष २०८१/०८२ सम्मको संचित मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनश शेयर वितरण गर्ने सम्बन्धमा ।

२) आर्थिक बर्ष २०८१/०८२ सम्मको संचित मुनाफाबाट चुक्ता पूँजीको ५ प्रतिशतका दरले बोनश शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजी रु.६३७.९७ करोडको १ शेयर बराबर ०.३० का दरले हुने रु. १९१.३९ करोड बराबरको हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम दिब्यज्योति हाइड्रोपावर लिमिटेडद्वारा निर्माणाधीन ५० मे.वा क्षमताको मस्याङ्दी बेसी जलविद्युत आयोजना निर्माणमा स्वपूँजी लगानी गर्ने ।

३) कम्पनीले बोनश शेयर तथा हकप्रद शेयर जारी गर्दा पूँजी संरचनामा बृद्धि हुने भएको हुँदा सो प्रयोजनका लागि प्रबन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।

४) बोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी अन्य निकायमा आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५) अपि होल्डिङ्गस कम्पनी लिमिटेडमा हालसम्म भएको स्वपूँजी लगानी अनुमोदन तथा थप स्वपूँजी लगानी गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

६) कम्पनीको गाडी, स्क्राप लगायत अन्य शेयर सम्पत्तिहरु बिक्री गर्नुपरेमा कम्पनीको सन्चालक समितिलाई अख्तियारी प्रधान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

भवदीय,

सुजन अधिकारी
कम्पनी सचिव

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।